मिति : २०७९।०४।३१

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क. निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०५३ (हाल २०६३) बमोजिम वि.सं. २०५८ असोज १९ गते स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था हो ।

**ख. निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ,२०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

२०७८ चैत मसान्तमा कार्यरत कर्मचारी संख्या ६९२ रहेका छन् र वित्तीय संस्थाले तोकेका कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद http://swbbl.com.np/management-team/ मा उपलब्ध छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका वित्तीय संस्थाले गर्ने कार्यहरु अन्तर्गतका सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखाको विवरण वित्तीय संस्थाको वेभसाईट http://swbbl.com.np/branch-offices-2/ मा उपलब्ध छ । सेवा सम्बन्धी विस्तृत जानकारी सो कार्यालयका प्रमुखबाट उपलब्ध हुनेछ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी जानकारी यस वित्तीय संस्थाको वेभसाईट http://swbbl.com.np/product-and-services/ बाट लिन सकिनेछ । सोको शुल्क तथा अवधिको जानकारी केन्द्रीय कार्यालयमा कर्जा, संचालन तथा निरीक्षण विभाग र सम्बन्धित शाखा/उपशाखा कार्यालयबाट उपलब्ध हुनेछ । कर्जा तथा बचतको ब्याजदर हरेक त्रैमासमा यस वित्तीय संस्थाका कार्यालयहरुका सूचना पाटीमा अध्यावधि गरी प्रकाशित गरिन्छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

विभिन्न प्रकारका बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकहरुको उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

श्री नरेन्द सिंह विष्ट<br>
प्रमुख कार्यकारी अधिकृत<br>
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौ ।

**झ. सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'घ' वगर्का लघुवित्त वित्तीय संस्थाहरुले गर्नसक्ने बैकिङ्ग/वित्तीय कारोबारहरु सम्पादन भइरहको छ ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ ।

**सूचना अधिकारी :**

श्री चन्द्रमणि चौलागाँई, पद : का.मु.सहायक महाप्रबन्धक<br>
फोन नं.: ०१-४५३४९२१, ०१-४५३४९२२, ईमेलः info@swbbl.com.np cc : chandra@swbbl.com.np<br>
साथै, यस वित्तीय संस्थाका शाखा/इलाका कार्यालयका कार्यालय प्रमुखहरुले उपलब्ध भएसम्म आवश्यक भएका सूचना प्रदान गर्नेछन् ।

**वित्तीय संस्थाका कार्यकारी प्रमुखको नाम र ठेगानाः**
श्री नरेन्द्र सिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ ।
फोन नं.: ०१-४५३४९२१, ०१-४५३४९२२, ईमेलः narendra.bista@swbbl.com.np

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३ आदि
९. उपरोक्त ऐनहरु अन्तर्गतका नियम तथा विनियमहरु
१०. नेपाल राष्ट्र बैंकका निर्देशनहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु नेपाल राष्ट्र वित्तीय संस्थाले तोके बमोजिम प्रकाशित गर्ने गरिएको छ । सो विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा तथा वित्तीय संस्थाको वेभसाईट http://swbbl.com.np/quarterly-report/ मा समेत प्रकाशित गरिन्छ । वार्षिक विवरणहरु वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्ने गरिएको छ । जुन यस वित्तीय संस्थाको वेभसाईट http://swbbl.com.np/annual-report/ मा समेत उपलब्ध छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय वमोजिम रहेको छ ।**

क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : यस वित्तीय संस्थाले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरको छैन ।

ख) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण : http://swbbl.com.np

ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई वित्तीय संस्थाको वेभसाईटमा समेत प्रकाशन गरिएको छ । साथै आवश्यकता अनुसार वित्तीय संस्थाको वेभसाइट तथा पत्रपत्रिकामा त्रैमासिक विवरण समेत प्रकाशित हुने गरेका छन् । वित्तीय संस्थाका गतिविधिहरु सम्बन्धी विवरण यस वित्तीय संस्थाको “स्वावलम्बन” नामक त्रैमासिक पत्रिका (जुन वित्तीय संस्थाको वेभ साइटमा समेत उपलब्ध छ ।)मा प्रकाशित गर्ने गरिन्छ ।